Invitation for Bids for the Supply, Delivery and Installation of Electronics Equipment

छत्रदेव गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची

## शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/१२/१०

**यस कार्यालयको चालु आ.व. २०७६/७७ को स्वीकृत बजेट अनुसार Electronics Equipment खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही तपशिलको ठेक्काको लागि शिलबन्दी बोलपत्र आह्वान गरिन्छ।**

१. शिलबन्दी बोलपत्र सम्बन्धी कागजात तल उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाइ नगदी रसिद साथ नविकरण भएको ठेक्का ईजाजत पत्रसमेत तथा मु.अ.कर (VAT) दर्ता र आ.व. २०७५/७६ को कर चुक्ता वा कर विवरण बुझाएको प्रमाणहरुको प्रतिलिपिहरु संलग्न राखि लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन (२०७७/०१/०९) सम्म कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।

२. खरिद गरेको बोलपत्र भरी खाममा शिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठेक्का नम्बर, शिलबन्दी बोलपत्र, फर्मको नाम र ठेगाना लेखी यस कार्यालयलाई सम्बोधन गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन (२०७७/०१/१०) दिउँसो १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। दर्ता भएका सिलबन्दी बोलपत्र सोही दिन अपरान्ह २:०० बजे बोलपत्रदाता र निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। शिलबन्दी बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. शिलबन्दी बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ। शिलबन्दी बोलपत्रको जमानत (विड वण्ड) वापतको रकम यस कार्यालयको नाममा नेपाल बंगलादेश बैंक, छत्रगञ्जशाखामा रहेको **धरौटी खाता नं. ०५५०००००८४१** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट (क वर्ग) ठेक्का नं., कामको विवरण र आ.व. समेत प्रष्ट खोली शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिनसम्म मान्य अवधि भएको विड वण्ड (जमानत) संलग्न राखि पेश गर्नु पर्नेछ। सो अनुसार नभएमा मूल्यांकनमा समावेश गरिने छैन।

४. शिलबन्दी बोलपत्र शर्त रहित हुनुपर्नेछ। दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। साथै शिलबन्दी बोलपत्रदाताहरुले बोलपत्रको प्रत्येक पानाहरुमा अधिकार प्राप्त अधिकारीको सहि छाप अनिवार्य रुपले गरेको हुनु पर्नेछ।

५. शिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनमा खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ। दर्ता गर्ने दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिनमा दर्ता गर्न सकिने छ।

६. शिलबन्दी बोलपत्रदाताले आफ्नो कबोल आइटम दररेटमा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको रकम उल्लेख गर्नुपर्नेछ।

७. शिलबन्दी बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधन समेत) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन समेत) अनुसार हुनेछ।

९. बोलपत्र सम्बन्धी थप जानकारी लिनु परेमा कार्यालयको फोन नं. ९८५७०६६९७१ मा सम्पर्क गर्न सकिनेछ। साथै प्रि-विड मिटिङ मिति २०७६/१२/२५ गते दिनको १:०० बजे यस कार्यालयमा आयोजना गरिने छ।

१०. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ।

११. बोलपत्र बिड डकुमेन्ट, स्पेशिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना तथा ठेक्का सम्बन्धी अन्य कुनै डकुमेन्टमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन। सच्याउनु पर्ने भएमा सोको सूचना यस कार्यालयको सूचना पाटीमा राखिने छ।

१२. बोलपत्र सिंगल फर्म वा ज्वाइन्ट भेन्चरमा बढीमा ३ (तीन) वटा फर्महरु सम्ममा पेश गर्न सकिनेछ।

१३. यस कार्यालयमा पेश भैसकेको शिलबन्दी बोलपत्रको Withdrawal, modification वा Substitution गर्नु परेमा मिति २०७७/०१/०९ गते दिनको १२:०० बजे भित्र गरिसक्नु पर्ने छ।

१४. कामको विस्तृत विवरण BoQ साथ संलग्न छ।

**तपशिलः**

| ठेक्का नं. | योजनाको नाम | बोलपत्रको जमानत रु. | बोलपत्रको दस्तुर रु. |
|---|---|---|---|
| CRM/ARG/G/NCB/15/076/77 | Supply, Delivery and Installation of Electronics Equipment | ७९,०००।०० | ३,०००।०० |

Scanned with CamScanner